# वातावरणमैत्री स्थानीय शासन कार्यक्रम

**(कार्यान्वयन संक्षिप्त कार्यविधि, २०७२)**

## १. पृष्ठभूमी

वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कोशी तथा गण्डकी जलाधार क्षेत्रका १२ जिल्लामा पर्ने ४४ वटा नगरपालिकाहरू ( सुरूमा ३३ वटा र आ.ब.२०७२/७३ बाट ११ वटा थप गरिएको) र ६० गा.वि.स. ( एक जिल्लामा पाँच गा.वि.स का दरले) मा वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई कार्यान्वयन गर्ने उद्धेश्यले आर्थिक बर्ष २०७१/०७२ बाट यो कार्यक्रम कार्यान्वयनमा आएको छ। यस कार्यक्रमको लक्ष्य स्थानीय तहमा वातावरणमैत्री शासनको अवलम्बन गर्दै जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री समाजको विकास गरी गरिवी न्युनिकरणमा सहयोग पुर्‍याउनु रहेको छ। यस कार्यक्रमको उद्देश्य वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन एवं विपद् व्यवस्थापनको लागि एकीकृत योजना बनाई विपद् तथा जलवायु परिवर्तनको कारण जोखिममा रहेका मानिसहरूको जलवायु अनुकुलन क्षमता विकास गर्नु रहेको छ।

यस कार्यक्रमबाट विभिन्न ३ वटा उपलब्धीहरू र ६ वटा नतिजा प्राप्त गरिने अपेक्षा राखिएको छ। यो कार्यक्रम आ.व. ०७१/७२ मा प्रारम्भ भै आ.व. ०७३/७४ मा सम्पन्न हुनेछ।

## २. अपेक्षित उपलब्धीहरू (Outcome)

१. स्थानीय निकाय, विषयगत कार्यालयहरू र नागरिक समाजको जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री शासन प्रणाली अवलम्बन गर्ने क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन तथा विपद् जोखिममा रहेका मानिसहरूको अनुकुलन क्षमता बढाउने।

२. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि एकीकृत योजना तर्जुमा प्रकृया अवलम्बन गर्ने।

३. स्थानीय समुदायको जिविकोपार्जनमा सुधार ल्याउनको लागि जलवायु परिवर्तन अनुकुलन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्ने।

## ३. अपेक्षित नतिजाहरू (Output)

१. जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणलाई प्रभावकारी गराउन राष्ट्रिय तथा स्थानीय निकायहरूको क्षमता अभिवृद्धि हुने।

२. जलवायु परिवर्तन, विपद् तथा वातावरण व्यवस्थापन प्रभावकारी गराउने गरी स्थानीय समुदायको क्षमता अभिवृद्धि हुने।

३. जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनिकरण गर्नको लागि सम्बन्धित नगरपालिका तथा  जिल्ला विकास समिति मार्फत सिधैं कार्यक्रम कार्यान्वयन गरिने हुँदा स्थानीय निकायको कार्यक्रम कार्यान्वयन गर्ने क्षमता बढ्ने । स्थानीय तहमा प्राकृतिक श्रोतको दिगो उपयोग एवं सो बाट प्राप्त राजश्व परिचालन व्यवस्था संस्थागत गर्ने ।

४. वातावरण तथा जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन योजना तथा बजेट स्थानीय तथा राष्ट्रिय योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण हुने ।

५. नागरिकलाई प्रभावकारी तथा नतिजामूलक सेवा प्रदान गरी जलवायु परिवर्तनसँग जुध्न सक्षम बनाउने ।

६. वातावरणमैत्री घर, टोल, वडा, गाउँ, नगर तथा जिल्ला घोषणा हुने ।

## ४. कार्यक्रम व्यवस्थापन

यस कार्यक्रम सम्बन्धित स्थानीय निकाय मार्फत सञ्चालन गरिन्छ । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्न मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा कार्यक्रम व्यवस्थापन इकाई (PMU) स्थापना गरिएको छ । वातावरणमैत्री स्थानीय शासन जिल्ला, नगर तथा गाउँ समन्वय समितिको समन्वय तथा सिफारिसमा सम्बन्धित स्थानीय निकायको निर्णयबाट वातावरणमैत्री क्रियाकलाप छनौट गर्नुपर्छ । योजना छनौट, कार्यान्वयन, लेखापालन, प्रतिवेदन, अनुगमन तथा मुल्यांकन तथा लेखापरीक्षण लगायत समग्र कार्यक्रम व्यवस्थापन सम्बन्धि कार्यहरू यस कार्यविधिमा उल्लेख भएजति यसै बमोजिम र नभएका विषयहरू प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

## ५. कार्यक्रम निर्देशन समिति

कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि केन्द्रीय तहमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वातावरण तथा नगरपालिका व्यवस्था महाशाखा प्रमुखको अध्यक्षतामा कार्यक्रम निर्देशन समिति रहने छ । सो समितिको काम, कर्तव्य र अधिकार यस प्रकार रहेका छन् :

(क) वातावरणमैत्री कार्यक्रम कार्यान्वयनको लागि राष्ट्रिय तथा स्थानीय तहमा आवश्यक समन्वय गर्ने ।

(ख) बार्षिक कार्ययोजना स्वीकृत गर्ने, आवश्यक निर्देशनहरू दिने र चौमासिक रूपमा कार्यक्रमको प्रगति पुनरावलोकन गर्ने ।

(ग) वातावरणमैत्री स्थानीय शासन केन्द्रीय कार्यक्रम कार्यान्वयन समन्वय समितिसँग समन्वय राख्ने ।

(घ) वातावरणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि आवश्यक क्षमता अभिवृद्धि कार्यक्रम पहिचान गर्ने ।

(ङ) आवश्यकता अनुसार बार्षिक कार्यक्रमको लागि बजेट थपघट तथा बाँडफाँड गर्ने ।

(च) स्थानीय निकायको कार्यसम्पादनको आधारमा कार्यक्रम व्यवस्थापन इकाईको सिफारिशमा बजेट थपघट गर्ने कार्यक्रम स्थगित गर्ने तथा नयाँ स्थानीय निकाय छनौट गर्ने ।

(छ) कार्यक्रम लागु नभएका स्थानीय निकायको मागका आधारमा Disaster Sensitive Green City Renovation कार्यक्रम तथा नमुना वातावरणमैत्री कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत कार्यक्रमको अधिनमा रहि आवश्यक निर्णय गर्ने ।

(ज) वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय निकायहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

कार्यक्रम निर्देशन समितिले समितिमा रहेको अधिकार आवश्यकता अनुसार कार्यक्रम व्यवस्थापन इकाईलाई सुम्पन सक्नेछ ।

## ६. कार्यक्रम व्यवस्थापन इकाई

(क) वातावरणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वातावरण व्यवस्थापन शाखा अन्तर्गत कार्यक्रम व्यवस्थापन इकाई रहने छ ।

(ख) कार्यक्रम निर्देशन समिति प्रमुखको प्रत्यक्ष निर्देशनमा रही वातावरण व्यवस्थापन शाखा प्रमुखले बार्षिक कृयाकलापहरू कार्यान्वयन गरिने छ ।

(ग) आर्थिक व्यवस्थापनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन इकाईमा रहने छ ।

(घ) कार्यक्रम व्यवस्थापन इकाईले सम्बन्धित स्थानीय निकाय तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमसँग आवश्यक समन्वय गरी वातावरणमैत्री कृयाकलापहरू सञ्चालन गर्ने छ ।

(ङ) वातवारण व्यवस्थापन शाखा प्रमुखले कार्यक्रम व्यवस्थापकको रूपमा समेत कार्य गर्नु पर्ने छ ।

## ७. कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरू

गण्डकी र कोशी जलाधार क्षेत्र अन्तर्गत रहेका १२ वटा जिल्लाका ६० वटा गा.वि.स. र ४४ वटा नगरपालिकाहरूमा यो कार्यक्रम कार्यान्वयन भएको छ । गण्डकी जलाधार क्षेत्र अन्तर्गत ५ वटा जिल्ला र १८ वटा नगरपालिकाहरू रहेका छन् भने कोशी जलाधार क्षेत्र अन्तर्गत ७ वटा जिल्ला र २६ वटा नगरपालिकाहरू यस कार्यक्रमको कार्यक्षेत्रभित्र रहेका छन् । कार्यक्रम कार्यान्वयन गरिने जिल्ला तथा नगरको विवरण देहाय बमोजिम रहेको छ ।

**गण्डकी जलाधार अन्तर्गतका जिल्ला तथा नगरपालिकाहरू :**

| सि.नं. | जिल्ला | नगरपालिका | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | गोरखा, लमजुङ्ग, कास्की, चितवन, नवलपरासी | गोरखा, बेशीशहर, पोखरा, लेखनाथ, भरतपुर, रत्ननगर, खैरहनी, चित्रवन, रामग्राम, कावासोती, देवचुली, वर्दघाट, गैडाकोट, सुनवल, पालुङटार, नारायणी, माडी, सुन्दरबजार | |

**कोशी जलाधार अन्तर्गतका जिल्ला तथा नगरपालिकाहरू :**

| सि.नं. | जिल्ला | नगरपालिका | कैफियत |
|---|---|---|---|
| १. | सप्तरी, सिराहा, सर्लाही, धनुषा, उदयपुर, रौतहट, सिन्धुली | शम्भुनाथ, कञ्चनरूप, राजविराज, सिराहा, मिर्चैया, लाहान, हरिवन, मलंगवा, लालबन्दी, ईश्वरपुर, जनकपुर, धनुषाधाम, छिरेश्वरनाथ, त्रियुगा, कटारी, बेलटार-बसाहा, गौर, चन्द्रपुर, कमलामाई, गणेशमान चारनाथ, सबैला, मिथिला, दुधौली, सप्तकोशी, गोलबजार, गरूडा | |

## ८. कार्यान्वयन सहयोग

कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन जिल्ला तथा नगरमा वातावरण सम्बन्धी विषयमा स्नातकोत्तर भएका एक जना अनुगमन तथा मूल्याङ्कन अधिकृत (वातावरण विज्ञ) उपलब्ध गराइएको छ । आ.ब २०७२/०७३ बाट यस कार्यक्रम लागू गरिएका नगरपालिकाहरूमा वातावरण इन्जिनियर (स्नातक) लाई कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न खटाइने छ । अनुगमन, मूल्याङ्कन अधिकृत (वातावरण विज्ञ) र वातावरण इन्जिनियरको कार्य विवरण क्रमसः अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ९. आयोजना तथा कार्यक्रम छनौट सम्वन्धी व्यवस्था :

देहायको प्राथमिकताको आधारमा आ.व २०७२/७३ को लागि आयोजना तथा कार्यक्रम छनौट गरि अनुसूची-३ बमोजिमको ढाँचामा लगानी विवरण (PFM) तयार गर्नु पर्नेछ ।

(क) सम्बन्धित स्थानीय निकायहरूको परिषद्वाट स्वीकृत भएका तर बजेट विनियोजन हुन नसकेका कार्यक्रमहरू जुन वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० को सूचक प्राप्तीमा सहयोगी हुने ।

(ख) यसै कार्यक्रमबाट आ.व. ०७१/७२ मा सञ्चालन प्रारम्भ भएका तर सम्पन्न नभएका आयोजना/कृयाकलाप आ.व. ०७२/७३ मा सम्पन्न हुने गरी बजेट प्रस्ताव गर्ने ।

(ग) Base Line Survey बाट प्राप्त तथ्याङ्क बमोजिम वातावरणमैत्री स्थानीय निकाय घोषणा गर्न कमजोर रहेको सूचक प्राप्ती गर्न सहयोगी हुने आयोजना वा कार्यक्रम ।

(घ) आ.व. २०७२/७३ भित्रमा प्रत्येक नगरपालिकाले कम्तीमा ३ वटा वडा र २ हजार घरधुरी र गाविसले कम्तिमा २ वडा र ३०० घरधुरी वातावरणमैत्री घोषणा गर्नु पर्ने भएकोले सोही लक्ष्य प्राप्तीको लागि सहयोगी हुने कार्यक्रम वा आयोजना । यस्ता आयोजना वा कार्यक्रम छनौट गर्दा सकेसम्म छरिएर नभई वातावरणमैत्री घोषणा गरिने वडा वा घर केन्द्रित गर्ने ।

(ङ) वातावरणमैत्री गाउँ वा नगर घोषणा गर्न सहयोग पुग्ने गरि यसै कार्यविधिको बुँदा नम्बर २० मा उल्लेख भएका कार्यहरुमध्येबाट स्थानीय आवश्यकता र जनसहभागिताको आधारमा छनौट गर्ने ।

(ङ) विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलनमा टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरू प्रस्ताव गर्ने ।

(च) छनौट गरिने सम्पूर्ण कार्यक्रम वा आयोजना सम्वन्धित स्थानीय निकायको वातावरणमैत्री समन्वय समितिको बैठक वाट सिफारिस गरी स्थानीय निकायको वोर्ड बैठकबाट निर्णय गरी सहमतिको लागि PMU मा पठाउने ।

(छ) EFLG सूचकहरू बहुआयमिक भएकाले कार्यक्रमहरू बहुसरोकारावाला निकायहरूसँग समन्वय गरी प्रस्ताव गर्ने ।

(ज) कार्यक्रम प्रस्ताव गर्दा अन्य निकायहरू तथा कार्यक्रमहरूसँग (LGCDP, AEPC, विषयगत निकायहरू आदि) दोहोरोपना नहुने गरी गर्ने । PFM तयार गर्दा कुन निकायको के कस्तो र कति सहभागिता रहने हो अनिवार्य रूपमा उल्लेख गर्ने ।

(झ) कार्यक्रम प्रस्ताव गर्दा जिल्ला आवधिक योजना, sectoral योजना तथा बार्षिक विकास योजनाको समीक्षा (Review) गर्नु पर्ने ।

(ञ) यो कायक्रमको लागत अनुमान अनिवार्य रूपमा नेपालीमा गनुपर्ने ।

## १०. कृयाकलाप छनौट प्रकृया

यस कार्यक्रमको लागि कृयाकलाप छनौट देहाय बमोजिम गर्नु पर्नेछ ।

**(क) गा.वि.स.मा गर्ने कृयाकलाप** : नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च लगायत स्थानीय सामुदायिक संघ संस्थाले उपयुक्त देखेका सहभागिता र साझेदारी उच्च भएका र वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समितिले उपयुक्त ठहराई सिफारिश गरेका आधारमा यसै कार्यविधिको

बुदा नम्बर २० बमोजिमका क्रियाकलापमध्येवाट गा.वि.स.ले निर्णय गरी छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

(ख) **नगरले गर्ने कृयाकलाप** : टोल विकास संस्था, वडा नागरिक मञ्च, स्थानीय स्तरका सामुदायिक संघ संस्था आदि मार्फत पहिचान भएका र उच्चत्म जनसहभागिता र साझेदारी हुने वातावरणमैत्री कृयाकलाप वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिको सिफारिशमा यसै कार्यविधिको बुदा नम्बर २० बमोजिमका क्रियाकलापमध्येवाट नगरपालिकाले निर्णय गरि छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

(ग) **जिल्लाले गर्ने कृयाकलाप** : वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिको सिफारिशमा यसै कार्यविधिको बुँदा नम्वर २० मा उल्लेख भए बमोजिमका क्रियाकलापहरु मध्येबाट जिल्ला विकास समितिले निर्णय गरि छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

यस कार्यक्रमको कृयाकलापहरू प्राथमिकीकरण गर्दा अन्य कुराहरूको अलावा स्थानीय अनुकुलन कार्ययोजना (LAPA) मा उल्लेखित प्रकृया अपनाई गर्नु पर्नेछ । स्थानीय योजना तर्जुमा सम्बन्धी अन्य व्यवस्थाहरू प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

## ११. सफ्टवेयर कार्यक्रम सञ्चालन सम्बन्धमा :

वातावरणमैत्री स्थानीय शासन प्रारूपको बारेमा विद्यालयका शिक्षक तथा विद्यार्थीलाई चेतनामुलक कक्षा सञ्चालन गर्न, नगरपालिकाका टोल विकास सस्था, आमा समूह, क्लब, वन तथा खानेपानी सम्बन्धी उपभोक्ता समितिका पदाधिकारीहरू आदिलाई जागरण ल्याउन अभिमुखिकरण, फोहरबाट मल बनाउने वा पुन प्रयोग गर्ने सम्बन्धि तालिम, सरसफाई सम्बन्धि अभियान सञ्चालन आदी जस्ता कार्यहरू गर्न स्थानीय आवश्यकता पहिचान गरि आफ्नो स्थानीय निकायलाई यस कार्यक्रमबाट प्राप्त कुल बजेटको बढीमा **पाँच प्रतिशत**सम्म रकम छुट्याउन सकिनेछ । यस्ता कार्यहरूको पनि PFM स्वीकृत हुनुपर्छ ।

## १२. अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा :

(क) प्रस्तावित बजेट सिलिङ्गको अधिनमा रहेर नगरपालिकाहरूले बढीमा **एक प्रतिशत** र जिल्ला विकास समितिहरूले बढीमा **एक दशमलव पाच प्रतिशत**सम्म कार्यालय सञ्चालन तथा अनुगमन सम्बन्धी कार्यमा खर्च गर्ने गरी प्रस्ताव गर्न सकिने ।

(ख) यस कार्यक्रमको सहयोगमा सञ्चालित सबै कार्यहरूको अनुगमन तथा मूल्याङ्कन कम्तीमा बर्षको एकपटक वातावरणमैत्री स्थानीय शासन सम्बन्धित समन्वय समितिबाट गर्ने । अनुगमन मुल्याङ्कन सम्पन्न भएपछि सोको समीक्षा समेत गरि प्रतिवेदन PMU मा पठाउने ।

(ग) आयोजना/कार्यक्रम छनौटदेखि कार्यान्वयनसम्मको प्रत्येक चरणका कृयाकलापहरूको तस्वीर/प्रस्तुतीहरू राख्ने। (जस्तै आयोजना कार्यान्वयन हुनु अगाडी, सरोकारवालाहरू बीच छलफल, फिल्ड अनुगमन, कार्यक्रम सम्पन्न, सार्वजनिक सुनुवाई आदि)।

(घ) सञ्चालित आयोजना/कार्यक्रमको अनुगमन गरी अनुसूची-४ मा दिईएको फारम बमोजिमको प्रत्येक कार्यक्रमको अनुगमन प्रतिवेदन तयारी गरी एक प्रति सम्बन्धित कार्यालयमा र एक प्रति PMU मा पठाउनु पर्नेछ।

**१३. बजेट प्रस्ताव सम्बन्धमा :**

- कार्यक्रम प्रस्ताव गर्दा आ.व. ०७१/७२ को स्वीकृत बजेटमा **पचास प्रतिशत** थप गरी गर्न सकिने छ। प्रस्तावित क्रियाकलापको प्रकृति र स्थानीय सहभागिताको आधारमा स्थानीय निकायले प्राप्त गर्ने रकम घटबढ हुन सक्नेछ। धेरै जनसहभागिता भएका क्रियाकलाप र वातावरणीय दृष्टिले बढी महत्वपुर्ण कार्यहरू प्रस्ताव गर्ने स्थानीय निकायले बढी रकम पाउन सक्नेछन्। आ.व. २०७२/७३ मा थप भएका नगरपालिकाहरूले रू.७५ लाख सम्म कार्यक्रमबाट उपलब्ध हुने हिसाबले कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

**१४. आयोजना/कार्यक्रम कार्यान्वयन सम्बन्धमा :**

(क) कार्यक्रमहरू कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृति हेरी उपभोक्ता समितिले गर्न सक्ने र उनीहरूबाट गराउँदा प्रभावकारी हुने कार्यक्रमहरू विद्यमान आर्थिक ऐन नियमले तोकेको सीमाभित्र रहि उपभोक्ता समूह/समिति मार्फत गर्न प्राथमिकता दिने।

(ख) कार्यक्रमहरूको जानकारी सार्वजनिकीकरण गर्न कार्यक्रम स्थलमा अनुसूची-५ बमोजिमको आयोजना सूचना बोड राख्ने।

**१५. देहाय बमोजिमको म्यादभित्रमा तपशिल बमोजिमका कार्य गरिसक्नु पर्नेछ :**

(क) ०७२ आषाढ मसान्तसम्म अनुसूची-२ मा संलग्न ढाँचाको संक्षिप्त PFM तयार गरी कार्यक्रम व्यवस्थापन इकाईमा पठाउने र कार्यक्रम व्यवस्थाप इकाईले श्रावण २५ गते सम्म सैद्धान्तिक सहमति प्रदान गरिसक्ने।

(ख) ०७२ भाद्र १५ गते भित्र प्रत्येक कार्यक्रम/आयोजनाहरूको इष्टिमेट (Detail Design) गरी विस्तृत क्रियाकलाप समेत उल्लेख गरिएको स्थानीय निकायको निर्णय सहित अनुसूची-३ बमोजिमको विस्तृत आयोजना लगानी विवरण (PFM) व्यवस्थापन इकाईमा सहमतिको लागि पठाउने।

(ग) ०७२ भाद्र मसान्त सम्ममा कार्यक्रम व्यवस्थापन इकाईले सहमती भए/नभएको जानकारी दिने।

## १६. प्रतिवेदन प्रकृया

(क) सेवा प्रदायक संस्थाहरूले मासिक रूपमा प्रगति प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा बुझाउनु पर्नेछ ।

(ख) जिल्ला विकास समिति तथा नगरपालिकाको तर्फबाट अनुगमन तथा मूल्याङ्कन अधिकृतले अनुसूची-६ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयनको प्रगति मासिक, चौमासिक र बार्षिक प्रतिवेदन कार्यक्रम व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।

(ग) कार्यक्रम व्यवस्थापन इकाईमा प्राप्त एकीकृत प्रगति प्रतिवेदनहरूलाई कार्यक्रम व्यवस्थापकले राष्ट्रिय योजना आयोग र बेलायत सरकार सहयोग नियोगमा (DFID) समेत पठाउनु पर्नेछ ।

(द्ध) चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदनलाई कार्यक्रम व्यवस्थापकले निर्देशन समितिमा छलफलको लागि प्रस्तुत गर्नु पर्दछ ।

## १७. वित्तीय व्यवस्थापन

यस कार्यक्रमको बजेट व्यवस्थापन यस संक्षिप्त कार्यविधि तथा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियमअनुसार हुनेछ । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट केन्द्रीय कार्यक्रम र स्थानीय कृयाकलाप कार्यान्वयन गर्न क्रमशः मन्त्रालयको वातावरण व्यवस्थापन शाखा प्रमुख र स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान हुनेछ । स्वीकृत कार्यक्रम बमोजिम बार्षिक कृयाकलाप कार्यान्वयन गर्नको लागि आवश्यक रकम स्थानीय निकायमा सःशर्त अनुदानको रूपमा उपलब्ध हुनेछ । जिल्ला विकास समिति तथा नगरपालिकाले सम्पूर्ण खर्च तथा बाँकी रकमको चौमासिक तथा बार्षिक विवरण अनुसूची-७ तथा ९ बमोजिम तयार गरी कार्यक्रम व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ । अन्तिम लेखा परीक्षण गराई सोको प्रतिवेदन लेखा परीक्षण सम्पन्न मितिले १५ दिनभित्र मन्त्रालयको वातावरण व्यवस्थापन शाखा/कार्यक्रम व्यवस्थापन इकाई (PMU) मा पठाई सक्नु पर्ने छ ।

## १८. खरिद व्यवस्थापन

नेपाल सरकारको खरिद सम्बन्धी ऐन तथा कानून बमोजिम यस कार्यक्रमलाई आवश्यक सेवा तथा वस्तुहरू खरिद गर्नु पर्नेछ । कार्यक्रम व्यवस्थापन इकाईले केन्द्रबाट सम्पादन हुने कृयाकलापको बार्षिक खरिद योजना तयार पार्नु पर्नेछ । स्थानीय निकायले बार्षिक खरिद योजना अनुसूची-८ को ढाँचामा तयार पारी सम्बन्धित बोर्डबाट स्वीकृत गराएपछि ति कृयाकलापहरू कार्यान्वयन गर्नु पर्नेछ ।

## १९. अनुगमन तथा मूल्याङ्कन अधिकृतहरूलाई थप निर्देशन

(क) हरेक कृयाकलापको प्रोफाइल बनाउने र अद्यावधिक राख्ने ।

(ख) नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च तथा सामाजिक परिचालकहरूलाई सम्पूर्ण कार्यक्रम कार्यान्वयन चक्रमा सहभागी गराई स्थानीय समुदायले अपनत्व (ownership) वहन हुने गरी गराउने ।

(ग) वातावरणमैत्री स्थानीय शासन समन्वय समितिलाई प्रभावकारी रूपमा परिचालन गर्ने । उनीहरूलाई (समिति) वातावरणमैत्री स्थानीय शासन कार्यक्रमका हरेक गतिविधि/ कृयाकलापहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृयामा सहभागी गराउने ।

(घ) कार्यक्रम व्यवस्थापन इकाईमा पठाइएको आयोजना प्रगति विवरणको एक प्रति सम्बन्धित कार्यालय र जिल्ला/नगर शासन विज्ञलाई उपलब्ध गराउने ।

(ङ) नागरिक सचेतना केन्द्रको REFLECT कक्षामा महिनमा कम्तिमा १ पटक, वडा नागरिक मञ्चको बैठकमा १ पटक र स्कूल/कलेजमा १ पटक वातावरणमैत्री स्थानीय शासन (EFLG) सम्बन्धी विषयवस्तु समावेश गरी कक्षा सञ्चालन गर्ने ।

(च) अनुगमन तथा मूल्यांकन अधिकृतहरूले सरकारी प्रतिवेदनहरू नेपालीमा लेख्ने ।

## २०. जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरूले EFLG सूचक हासिल गर्न खर्च गर्न सकिने महत्वपुर्ण क्षेत्रहरू :

(क) जिल्ला विकास समितिले खर्च गर्न सक्ने थप क्षेत्रहरू :

| क्र.सं. | खर्च क्षेत्रहरू |
|---|---|
| १. | संयुक्त स्यानीटरी ल्याण्डफिल्ड साइट निर्माण एवं व्यवस्थापन, |
| २. | जिल्लाभरीको खानेपानी मुहान/पोखरी/कुवाहरूको लगत तयार गर्न र संरक्षणको योजना निर्माण । |
| ३. | प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकाका २/२ जनालाई ICS वा बायोग्यास वा सोलार मर्मत सम्भार जडान सम्बन्धी व्यवसायिक तालिम । (AEPC सँग समन्वय गरी गर्ने) |
| ४. | जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरी प्राङ्गारिक तरकारी संकलन स्थल निर्माण, नमूनाको रूपमा कुनै गा.वि.स.मा प्राङ्गारिक खेती सञ्चालन गर्ने । |
| ५. | प्लाष्टिक झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न आवश्यक सहयोग, |
| ६. | कार्यालयलाई वातावरणमैत्री बनाउने कार्यक्रम । |
| ७. | सिमसार क्षेत्र/जैविक विविधता, पर्या-पर्यटन प्रवर्द्धन जस्ता कार्यक्रम । |

| | |
|---|---|
| ८. | जलवायु परिवर्तन तथा विपद् जोखिमको आधारमा गा.वि.स.हरूको नक्साङ्कन । |
| ९ | एक भन्दा बढि गाविस भएर जाने सडकको दाया बाया रुख रोप्न र संरक्षण गर्न |

(ख) नगरपालिका तथा गाउँ विकास समितिले खर्च गर्न सक्ने थप क्षेत्रहरू :

| क्र.सं. | **खर्च क्षेत्रहरू** |
|---|---|
| १. | खाली पर्ति जग्गाको संरक्षण तथा त्यसमा रूख बिरूवा हुर्काउने कार्य, |
| २. | नदी कटान क्षेत्रमा बाँस, अम्लिसो आदी जस्ता माटो संरक्षण सम्बन्धी रूख बिरूवा लगाउने कार्य, |
| ३. | सार्वजनिक उद्यान, पार्क निर्माण सम्बन्धी कार्य, |
| ४. | सार्वजनिक पोखरी निर्माण, भैरहेका पोखरी संरक्षण तथा पोखरी वरपर फूल तथा रूख रोप्ने एवं संरक्षण गर्ने कार्य, |
| ५. | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ सडक किनारमाफूल फुल्ने प्रजातीको रूखहरू लगाउन, हुर्काउने कार्य, (सडक विभागको सहयोग एवं समन्वयमा) |
| ६. | भू-क्षय/बाढी पहिरो नियन्त्रण, पानीको मुहान संरक्षण सम्बन्धी कार्य, |
| ७. | खानेपानीको मुहान/इनार तथा कुवाको लगत लिने तथा संरक्षण गर्ने कार्य, |
| ८. | गोबरग्याँस जडान गर्न (AEPC को नर्म्स अनुसार) अनुदान दिने, |
| ९. | प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न सहयोग, |
| १०. | बायोब्रिकेट बनाउन सहयोग, |
| ११. | फोहरको पुनः प्रयोग, फोहरबाट उर्जा उत्पादन जस्ता कार्यक्रममा गरिने लगानी, |
| १२. | सहरी क्षेत्रमा समुदाय मिली फोहरबाट कम्पोष्ट मल बनाउने भएमा आवश्यक सहयोग, |
| १३. | दाउराले खाना पकाउने भएमा सुधारिएको चुल्हो बनाउन लाग्ने खर्च, |
| १४. | नगरको प्रत्येक वडामा तथा गाउँ विकास समितिमा एउटा नर्सरी स्थापना गर्ने, |
| १५. | विद्युत सुविधा नपुगेको विपन्न घरपरिवारलाई 20 watts सम्मको सौर्य उर्जा जडान गर्न, |
| १६. | टोल सुधार समितिले निर्णय गरे अनुसार सडक छेउमा गमलामा फूल राख्न बढीमा लागतको ५०% (नियमित रूपमा फूल रोप्ने र हुर्काउने शर्तमा), |
| १७. | आफ्नो घर/जग्गा अगाडी सडक किनारमा टोलले नगरपालिका/गा.वि.स.को सहमतिमा तय गरेको स्थलमा निश्चित प्रजातिका रूख रोपी हुर्काएमा संख्याको आधारमा दिइने रकम (रूख हुर्केको आधारमा दिइने बढीमा प्रति बोट रू.५०० सय, बिरूवा न.पा./गा.वि.स.ले उपलब्ध गराउने), |
| १८. | प्रदर्शनको लागि प्राङ्गारिक खेती कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च, |

| क्र.सं. | खर्च क्षेत्रहरू |
| --- | --- |
| १९. | नगर/गाउँ क्षेत्रभित्रको विद्यालयलाई वातावरणमैत्री बनाउन र विद्यार्थीलाई वातावरण सम्बन्धी अतिरिक्त कक्षा/क्रियाकलाप सञ्चालन गर्ने, |
| २०. | नगरभित्र हरियाली सहित पार्किङ्गको व्यवस्था गर्न, (पार्किङ्ग स्थल) |
| २१. | कृषि विकास कार्यालयसँग समन्वय गरी ग्रामीण क्षेत्रमा भकारो सुधार गरी पशुको मल तथा मुत्रको प्रयोग हुने बनाउन, |
| २२. | गा.वि.स. क्षेत्रमा कम्तिमा एउटा बुह उपयोगी पोखरी निर्माण गर्न, |
| २३. | गाउँमा एउटा कृषि उपज संकलन स्थल बनाउन, |
| २४. | कौसी खेतीको प्रवर्धन गर्न, |
| २५. | बोटानिकल गार्डेन स्थापना गर्न, |
| २६. | Water Recharge System मा सहयोग गर्न, |

**अनुगमन तथा मूल्याङ्कन अधिकृत (वातावरण विज्ञ) को काम, कर्तव्य र अधिकार**

१. कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्राविधिक तथा प्रशासनिक सहयोग गर्ने ।

२. समग्र वातावरण व्यवस्थापनको लागि आवश्यक समन्वय, सहकार्य तथा अपनत्वको भावना विकास गर्न प्राविधिक सहयोग गर्ने ।

३. भौतिक प्रगति प्रतिवेदन तथा अनुगमन प्रतिवेदन मासिक तथा चौमासिक रूपमा तयार गरि मन्त्रालयको वातावरण व्यवस्थापन शाखा/PMU मा निर्धारित समयभित्रै उपलब्ध गराउने ।

४. वातवारण र जलवायु परिवर्तन अनुकुलको लागि स्थानयि तहमा श्रोत परिचालन रणनीति बनाउन सहयोग गर्ने । साथै अन्य सरोकारवालाहरूबाट भए गरेका कृयाकलापहरूको समेत आवश्यक प्रतिवेदन तयार पारी चौमासिक रूपमा PMU मा पठाउने ।

५. वातावरणमैत्री स्थानीय शासन कार्यक्रमको सही रूपमा कार्यान्वयनको सुनिश्चितताको लागि समन्वय तथा सहजीकरण गर्ने ।

६. जिल्ला तथा नगरपालिकाहरूमा वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखासँगको समन्वयमा नियमित सूचना तथा तथ्याङ्क संकलन तथा अनुगमन गर्ने ।

७. स्थानीय निकाय/वातावरण व्यवस्थापन शाखा/कार्यक्रम समन्वय इकाई साथै अनुगमन तथा प्रतिवेदन तयारीको लागि आवश्यक क्षमता विकास गर्न सहयोग गर्ने ।

८. EFLG घोषणाको लागि त्रिबर्षिय कार्ययोजना तयार पारी सम्बन्धित जिल्ला विकास समिति/ नगरपालिकामा र कार्यक्रम व्यवस्थापन इकाईमा पठाउने ।

९. कार्यक्रमको कार्यान्वयन प्रगति प्रतिवेदन मासिक, चौमासिक र बार्षिकरूपमा तयार गर्ने ।

१०. कार्यक्रम नतिजा तथा कार्यसम्पादन अनुगमन प्रतिवेदन अर्ध बार्षिक रूपमा समेत तयार पार्ने ।

११. सम्बन्धित शाखाको सहयोगमा कार्यक्रमको आर्थिक तथा भौतिक प्रगति मासिक, चौमासिक र बार्षिक रूपमा तयार पारी मन्त्रालयको वातावरण व्यवस्थापन शाखा/कार्यक्रम व्यवस्थापन इकाईमा बुझाउने ।

१२. सम्पूर्ण अनुगमन प्रतिवेदनहरू कार्यक्रम व्यवस्थापन इकाईमा पठाउने ।

१३. अपेक्षित नतिजा हासिल गर्नको लागि सरोकारवाला बीचको समन्वय कायम गर्न सहजीकरण गर्ने ।

१४. वातवारण र विपद् व्यवस्थापन कृयाकलापको विभिन्न तहमा एकरूपता कायम गर्न सहयोग तथा सहजीकरण गर्ने ।

१५. वातावरण व्यवस्थापनसँग सम्बन्धित विषयमा सम्बन्धित स्थानीय निकाय एवं वातावरण व्यवस्थापन शाखा/PMU ले दिएका निर्देशक तथा लगायतका अन्य कार्यहरू गर्ने,

१६. अनुगमन तथा मूल्याङ्कन अधिकृत सम्बन्धित स्थानीय निकाय तथा कार्यक्रम व्यवस्थापन इकाई प्रति उत्तरदायी हुनेछ ।

*अनुसूची-२*

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)**

**आयोजना लगानी विवरण (PFM) (संक्षिप्त)**

**........................... जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति**

*(रू.हजारमा)*

| सि.नं. | आयोजना/कार्यक्रम | कार्यान्वयन स्थान | अनुमानित बजेट | लागत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | EFLGP | स्थानीय निकाय | अन्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**तयार गर्ने**
नाम :
पद :
मिति :

**सिफारिश गर्ने**
नाम :
पद
मिति :

**स्वीकृत गर्ने**
नाम :
पद :
मिति :

*अनुसूची-३*

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)**

**आयोजना लगानी विवरण (PFM) (विस्तृत)**

**.......................... जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति**

*(रू.हजारमा)*

| क.सं. | कार्यक्रम/आयोजना | क्रियाकलाप | बजेट | लक्ष्य | इकाई | लागत सहभागिता | | | | | कार्य हुने मिति | | कार्यक्रम सञ्चालन हुने स्थान | | लाभाविन्त वर्ग | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | पिछडिएको वर्ग | | | अन्य | | |
| | | | | | | EFLGP | स्थानीय निकाय | उपभोक्ता समिति | अन्य | जम्मा | शुरु | सम्पन्न | गा.वि.स. वडा | न.पा. वडा | पुरुष | महिला | बालबालिका | पुरुष | महिला | बालबालिका |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| १ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | | | | | | | | |
| | **कूल जम्मा** | | | | | | | | | | | | | | | | | | | |

**तयार गर्ने**
नाम :
पद :

**सिफारिश गर्ने**
नाम :
पद

**स्वीकृत गर्ने**
नाम :
पद :

*अनुसूची-४*

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)**

**अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन**

........................... **जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति**

१. आयोजना/कार्यक्रमको नाम :

२. अनुगमनकर्ताको नाम थर :

३. अनुगमन गरिएको स्थान :

४. अनुगमन गरिएको मिति :

| सि.नं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | अनुगमनको उद्देश्य : | |
| २. | अनुगमनका क्रममा गरिएका कृयाकलापहरू : | |
| ३. | PFM बमोजिमका कार्यक्रम/आयोजनाको प्रगति (फोटोसहित) : | |
| ४. | कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती (बुँदागत) : | |
| ५. | सुझावहरू (बुँदागत) : | |

.......................................                ..........................................

**प्रतिवदेन तयार गर्ने**                **प्रमाणित गर्ने**

*अनुसूची-५*

## वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
## आयोजना सूचना बोर्डको नमूना

प्रत्येक आयोजनाहरूमा देहाय बमोजिमको विवरण उल्लेख भएको आयोजना सूचना बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ :

१. आयोजना तथा कार्यक्रमको नाम :

२. आयोजना सञ्चालन स्थान :

३. आयोजनाको कूल बजेट :

४. आयोजना शुरू हुने र सम्पन्न हुने मिति :

५. आयोजना कार्यान्वयन गर्ने निकायको नाम :

६. आयोजना सम्बन्धी सूचना प्राप्त गर्न सकिने व्यक्तिको नाम थर र सम्पर्क नम्बर :

# नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
## मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन
## .......................... जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति

| S.N | Activity as per PFM | EFLGP Budget as per approved PFM (NRs) | Name of Month | | | Name of Month | | | Name of Month | | | Name of Month | | | Major Challenges during implementation |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | milestone | % weight | Weightage desciption | milestone | % weight | Weightage desciption | mile stone | % weight | Weightage desciption | milestone | % weight | Weightage desciption | |
| | | | Agreement Signed | 25% | specify the accomplished work in relation with % given in previous column | Implementation ongoing | 50% | specify the accomplished work in relation with % given in previous column | Activities completed | 75% | specify the accomplished work in relation with % given in previous column | Reporting (technical and financial report submitted to MoFALD) | 100% | specify the accomplished work in relation with % given in previous column | |
| 1 (for example) | Plantation | 50000 | Yes | 25% | Agreement signed with user committee for plantation in wardno 3 | yes | 50% | Procurement of plant with District forest office or with private company | Yes | 75 % | Plantation site identified and plantation carried out | yes | 100% | Plantation verified through monitoring and report submitted to DDC/Mun and MoFALD | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

*अनुसूची-७*

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)**

.................... **चौमासिक/बार्षिक वित्तीय प्रगति प्रतिवेदन**

........................... **जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति**

| क्र.सं. | श्रोत | स्वीकृत बजेट | चालु आ.व.का .... चौमासिक | | | | चालु आ.व.को ...... चौमासिक सम्मको | | | | निकासा बाँकी | | | पेश्की विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | निकासा | | खर्च | | निकासा | | खर्च | | चालु | पुँजीगत | कुल | बाँकी पेश्की रकम | चालु आ.व.को .. महिना/चौमासिक सम्मको फछ्र्यौट | | खुद बाँकी पेश्की | |
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | | | | | रकम | प्रतिशत | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | | | | १६ |
| १ | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

## नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
## बार्षिक खरिद योजना

........................ जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति

| सि.नं. | वस्तु/निर्माण कार्यको विवरण | योजनामा उल्लेखित मिति | लागत अनुमान स्वीकृत मिति | अनुमानित लागत | खरिद विधि/प्रक्रिया | सम्झौताको किसिम | बोलपत्र वा दरभाउ पत्र सम्बन्धी कागजात | | वातावरण व्य. शाखाबाट सहमति लिने मिति | बोलपत्र/प्रस्ताव | | | वातवारण व्य. शाखाबाट सहमति प्राप्त मिति | बोलपत्र स्वीकृतीको आशय र स्वीकृति मिति | करार सम्झौता गर्ने मिति | कार्य आरम्भ गर्ने मिति | कार्य पुरा गर्ने मिति | ठेकेदार/आपूर्तिकर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तयारी मिति | स्वीकृती मिति | | आव्हान | खोलिने मिति | मूल्यांकन सम्पन्न मिति | | | | | | नाम | सम्झौता नं. | सम्झौता रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | १५ | १६ | १७ | १८ | १९ | २० | २२ |
| १ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची ९

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

वातावरणमैत्री स्थानीय शासन कार्यक्रम..........जिल्ला

आ.व. ............ को

वार्षिक आर्थिक विवरण

कार्यक्रमको नामःवातावरणमैत्री स्थानीय शासन कार्यक्रम

ठेगानाः

बजेट उपशीर्षक नं.:-

| खर्च शीर्षक नं. | खर्च शिर्षक | स्वीकृत बजेट अङ्क | पूरक | | रकमान्तर | | | जम्मा बजेट | निकासा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थ्प | घट | सङ्केत नं. | थप | घट | | | | नगद | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | तलब भत्ता | | | | | | | | | | | | |
| | कूल जम्मा | | | | | | | | | | | | |